# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007(4th March 1951)

KTM, CDO Regd. No. 07/043/44

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki

**Immediate Past President:**
Dr. Mukti Ram Shrestha

**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha

**Vice President:**
Dr. Anil Bikram Karki

**General Secretary:**
Dr. Badri Rijal

**Treasurer:**
Dr. Prakash Budhathoky

**Joint Secretary:**
Dr. Niraj Kumar Singh

**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari

**Editor-in-Chief:**
Dr. Angel Magar


मिति : २०७८/०२/१६

## प्रेश विज्ञप्ती

कोरोना महामारीको पहिलो र दोस्रो लहरमा विद्यमान सीमित स्रोत साधनका बीचमा नेपाली चिकित्सक र स्वास्थ्यकर्मीले पुर्‍याएको सेवा सर्वविदितै छ। एकातिर आम बिरामीको जीवन रक्षाका लागि आवश्यक पर्ने स्रोत साधनको अभाव छ भने, अर्को तिर यसरी खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई उचित प्रोतसाहन गर्न सकेको छैन। तर, पनि आम बिरामीको जीवन रक्षा र स्वास्थ्य सेवा प्रवाहको दायित्वलाई आत्मसाथ गरेर सबै खालका जोखिम मोलेर अहोरात्र सेवारत चिकित्सक तथा स्वास्थ्यकर्मी भौतिक रुपमा समेत असुरक्षित हुने घटना झन् बढोत्तरी भइरहेको छ।

यस विषम परिस्थिति चिकित्सकको मनोबल वृद्धि गर्नुको सट्टा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि अनावश्यक, धम्की, लान्छनादेखि दुर्व्यवहार, कुटपिटका घटना बढ्दै गएका छन्। केही साताको अन्तरमा बिराट मेडिकल कलेज बिराटनगरमा घटेको घटना सेलाउन नपाउँदै जेठ १३ गते साँझ भेरी अस्पताल बाँकेमा कोभिड उपचारमा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि सांघातीक आक्रमण भएको छ। कोभिड वार्डमै प्रवेश गरेर स्वास्थ्यकर्मीमाथि हातपात, घाँटी थिच्ने, लखेटीलखेटी पिट्ने र अस्पताल तोडफोड गर्ने घटनाले अपराधीक सोच र शैलीका मनिसबाट सिंगो चिकित्सा क्षेत्र असुरक्षित बन्दै गएको छ।

अहिले महामारीको अवस्थामा सरकारले अहोरात्र खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीको भौतिक सुरक्षाको पूर्ण ग्यारेन्टी गर्दै र सबै घटनाका दोषी माथि तत्काल २०७६/१२/२२ को मन्त्री परिषद निर्णयअनुसार कोभिड रोकथाम नियन्त्रण रउपचारको कार्यमा बाधा अबरोध पुर्‍याउने, ड्युटीमा खटिएका सुरक्षाकर्मीहरुको कार्यसम्पादनमा बाधा अवरोध गर्नेलाई हुने सरहको प्रचलित कानून बमोजीमको कारवाही गर्न र सोही निर्णयअनुसार पनि यस्ता अपराधिक क्रियाकलापलाई Non Bailable Offense को रुपमा लिई संलग्न व्यक्तिमाथि तत्काल कारवाही गर्न अध्यादेश मार्फत यथाशीघ्र कानुन बनाइ सुरक्षाको सुनिश्चित गर्न नेपाल चिकित्सक संघ जोडदार माग गर्दछ।

संघले भेरी अस्पतालको घटनालाई गम्भीरतापूर्वक लिएर १३ गतेलाई Black Day को घोषणा गरेको र १४ गते कालो पट्टि बाँधी काम गर्ने निर्णयका साथै सोहि दिन साँझ संघका १६ शाखाका पदाधिकारीसँगै भर्चुअल माध्यमबाट आकस्मिक छलफल समेत गरेको थियो। यसैबीचमा संघका कोषाध्यक्ष डा. प्रकाश बुढाथोकीलाई घटना भएको सम्बन्धित अस्पतालमै पीडित पक्ष र स्थलको वास्तविक अवस्था बुझ्न समेत पठाएको थियो। साथै राज्यका विभिन्न उच्च तह र तप्कामा बसेका व्यक्ति तथा निकायसँग पनि घटना र त्यसबाट उत्पन्न परिस्थिति, निम्तन सक्ने परिणाम र त्यसका लागि कानुन ल्याउने विषयमा समेत संघले निरन्तर गम्भीर छलफल गरिरहेको एवं ध्यानार्षण गराएको जानकारी गराईन्छ।

नेपाल चिकित्सक संघ भेरी अस्पतालको घटनामा संलग्न व्यक्तिहरुलाई कडा भन्दा कडा कारवाही गर्न र आजको मितिबाट ७ दिन भित्र देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सुरक्षाको प्रत्याभूति हुने अध्यादेश मार्फत कानुन ल्याएर सुरक्षित बातावरणको सिर्जना गर्न जोडदार माग गर्दछ। यस्तो परिस्थिति नबनेमा नेपाली चिकित्सक संघ थप कडा कदम चाल्न बाध्य हुने र त्यसको जिम्मेवार स्वं सरकार आफैं हुने समेत जानकारी गराउन चाहन्छौ।

भवदीय,

Badri

डा. बद्री रिजाल
महासचिव